*लघूकथा*

# कमरेडको क्लान्त मुद्रा

*-घनश्याम खड्का*

देशमा अचेल आन्दोलनको मौसम छ । आन्दोलन गर्नेहरु छन्, आन्दोलन दवाउनेहरु पनि छन । बम, गोला, वारुद छन् र माओवादीहरु छन् । यता पाँच दल छन्, अनसन छ, आन्दोलन छ, हडताल-जुलुस छ ।

देखिएकै छ-कोही शान्तिका लागि आन्दोलनरत छन्, कोही सरकारका लागि, कोही संविधान सभाका लागि र कोही संसद पुनर्स्थापनाका लागि ।

झुण्डका झुण्ड मान्छे, तुल, व्यानर, ढुंगा, पुलिस, लठ्ठी...आदि-इत्यादि सबै क्रान्तीकै प्रतिक हुन् भन्दा बाधा पर्दैन । र के पनि सुनियोस भने यसको प्रतिफल मुठभेड, हानाहान, र कालान्तरमा भागाभाग हो । सुविधाका लागि कहिले-कहिले लडाकु प्रहरी मात्रै नभएर पूरै सुरक्षा विभाग नै आन्दोलन र क्रान्ति आदिको अभिन्न अंग बनेर देखापर्छ भन्न पनि सकिएला । यसमा विवादको गुञ्जायस छैन ।

भने आक्कल झुक्कल मेरो पनि सहभागिता हुने गर्छ यस मौसमी आन्दोलन र अरु यस्तै जुलुस ऱ्यालीमा । तर नसोधियोस्-आन्दोलनतिर किन र कसरी लागियो ? उत्तरमा महाभारतका अठारै पर्वतुल्य ग्रन्थ निस्कने खतरा प्रबल छ नत्र त ।

फुटनोटका निम्ति कति मात्रै भनूँ भने कहिले-कहिले आन्दोलनमा उसै पनि मिसिइन्छ । मिसिइँदोरहेछ, नदीमा सानो भँगालो मिसिएजस्तो । जस्तो कि अस्ति मात्रै नयाँ सडकमा रल्लँदा तदारुकताका साथ आन्दोलनमा लाग्नुपऱ्यो ।

भयो के भने चटकेको एकदम रित्तो हातबाट फुत्त पैसा झरेझैं घाम पाटीका एक कमरेड मेरो अघिल्तिर एकाएक टक्क उभिए । उनका दायाँ-बायाँ थिए चार दलका केही प्रतिनिधि । तिनका हातमा कोचिएका थिए ब्यानर, तुल झण्डा आदि क्रान्तिका कच्चा पदार्थ जसका आधारमा जुनसुकै मुर्खले पनि उनीहरुलाई धरुन्धर क्रान्तिकारी भनिदिन सक्थ्यो ।

कामरेडसँग केहीबेर सडक संवाद चल्यो । उनले आफ्नो अभ्यस्त राजनीतिक अम्मल सुरु गरे र भने,'अब प्रतिगमनका विरुद्ध निर्णायक आन्दोलन गरिन्छ ।' उनले के पनि भने भने पाँच दलको आन्दोलमा सहभागि हुन नमान्नेहरु जम्मै प्रतिगामी हुन् ।

अब म फसादमा परें । आन्दोलनमा सहभागी नहोऊँ-प्रतिगामी भइने । होऊँ बटबासका लौरा ढाडमा बज्रने बतरा । केही समयको गम्भीर चिन्तनपछि लुसुक्क एक्लिएर प्रतिगामी होइनुभन्दा त केही लौरा खाएर अग्रगामी बन्नु बेस भन्ने बोक्रे सिद्धान्तको प्रतिपादन गरी मैले आफूलाई तुरुन्तै क्रन्तिकारी घोषित गरें र पञ्चदलीय मानव नदीतिर लहसिएँ एउटा सानो भँगालो भएर ।

जुलुस तीब्र गतिमा क्रान्तिकारी छलाङ मार्दै थियो र परिणाममा सडकभरि इँटा, ढुंगा, दन्दनी बल्दो टायर र एकमुस्लो काले धूवाँ आदि-इत्यादि देख्न सकिन्थ्यो सडकभरि । मानिसहरु सरकारलाई मरुञ्जेल सराप्दै थिए र तिनका मुखबाट जोसिलो र भयोत्पादक नाराहरु निस्किरहेको थिए ।

जुलुस उग्रतम भयो र तोडफोड आदिमा सक्रियता देखिएको हेर्न पाइन्थ्यो । क्रान्तिको तीब्र प्रहार समयको खियाइमा परेका रत्नपार्कका रेलिङहरु थाम्न असमर्थ थिए र केही क्षणमै ती बेहोस जँड्याहा सरी लमतन्न भइदिए भूइँमै ।

यसरी सिंगो सहर जुलुसमय भएको थियो र वातावरण गम्म तातेको । सरकारी गाडी, भवनका सिसा, खम्बाका चिम आदि फेर्नमा जुलुसले अप्रत्यासित सफलता पाएको थियो । तोडफोड गरेरै सरकार ढलाउने र पछि आफैं चलाउने किरिया खाएर आन्दोलित दलका नेताहरु पनि जुलुसको अग्रपंक्तीमा उभिएकाले तिनका कार्यकर्ता झन् उत्साहका साथ तोडफोडमा लागेका थिए ।

तोडफोडले उचाइ प्राप्त गरिरहेकै समयमा उग्र स्वभावको असन्तुष्ट प्रतिपक्षझैं जीउभरि सुरक्षा कवच धारण गरी एक हुल प्रहरीहरु भीडको सामून्य आइपुगे । सुरक्षा प्रहरीमाथि आँखा ठोकिने बित्तिकै मभित्र त्रासको बिरुवा उम्रियो र त्यो अग्लिएर चाइनाको विशाल पर्खालभन्दा पनि ठूलो भयो । छिट्टै नै तिनका लौरा जुलुसेका ढाड र टाउकामा चुम्बन गर्न सक्रिय भए । भयले म हुरीको पातझैं भएँ र केही गरी त्यहाँबाट उम्किएँ ।

पर्याप्त जाँगर लगाएर कुदेकाले म केही क्षणमै सुनधारातिर पुगें जहाँ जुलुस र पुलिस दुबै थिएनन् । आन्दोलनबाट टाउको सकुशल फिर्ता आएकोमा म प्रसन्न थिएँ । एकातिर अग्रगामी पनि बनिएको र अर्कातिर चुटाइबाट पनि बचिएकाले यसपटक मेरो प्रसन्नता दोहोरो तेहरो थियो ।

संयोग कस्तो भने घाम पाटीका ती कमरेड फेरि भटिए । यसपटक उनी थकित र भयग्रस्त मुद्रमा देखापरेका थिए , तथापि हाम्रा आँखा जुध्नासाथ आफ्ना दुई ओठ उनले जबर्जस्ती गालासम्म पुऱ्याए । आखिर राजनीतिक प्राणी हुन्, केही कूटनीति त हुनै पऱ्यो नि श्रीमान् !

कामरेडको क्लान्त मुद्रामा केही हास्यरस सञ्चारित होस् भन्ने मनसुवाले मैले भनें- क्रान्तिलाई केही पर सारी बरु सगरमाथा चढ्ने प्रथम क्रन्तिकारी हुन पाए बेस !

मेरो कुरोलाई बेपर्बाह गर्दै उनले आफ्नो फरक मत पेस गरे,'हिमाल चढेर ठूलो होइन्छ भन्नु फजुल हो ।' उनको तर्क थियो-देखिने हिमाल त जसले पनि चढ्ने क्षमता राख्छ । चढ्नु नै छ भने । चढ्नु नै छ भने नदेखिने हिमाल चढियोस् । जस्तो कि केही अघि चन्द र पछि थापा महोदयले चढेका छन् ।

यती भनी उनी हल्का मुस्कुराहटका साथ वेगवान गतिमा अगाडि बढे । तर कता ? यो मैले सोध्न भूलेको थिएँ । बरु के सम्झना छ भने त्यतिबेला उनका हातमा केही थिएन ।

*(समाप्त)*